86



नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८] काठमाडौं, भदौ ४ गते २०३५ साल [अतिरिक्ताङ्क ३१

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी (सातौं संशोधन) नियमावली, २०३५

राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार देहायबमोजिमको नियमावली बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यस नियमावलीको नाम "राजगुरूज्यू तथा मूलपुरोहित-सम्बन्धी (सातौं संशोधन) नियमावली, २०३५" रहेको छ ।

(२) यो नियमावली २०३५ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६. पारिश्रमिक : राजगुरूज्यू तथा मूल पुरोहितहरूले देहायबमोजिम पारिश्रमिक पाउनेछन् :–

(क) बडागुरूज्यू–	मासिक रू.	२,०००।–
(ख) नायव बडागुरूज्यू–	मासिक रू.	१,६२०।–
(ग) मूल पुरोहित–	मासिक रू.	१,२३०।–"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।